**धुनिवेशी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**खानीखोला, धादिङ**
**३ नं. प्रदेश, नेपाल**

# आर्थिक वर्ष ०७५/७६ को ठेक्काबन्दोबस्ती सम्बन्धी बोलपत्र आव्हान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७५/५/४ गते**

३ नं. प्रदेश सरकारको आर्थिक ऐन, २०७५, स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ३ को घ (६) को व्यवस्था, धुनिवेशी नगरपालिकाको आन्तरीक आय संलकन (ठेक्का बन्दोबस्ती) सम्बन्धी कार्यविधि २०७५, राजश्व परामर्श समितिको सिफारीस, धुनिवेशी नगर कार्यपालिकाको निर्णय र आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश नं. ३ को च.नं. ६४ मिति २०७५।०४।२२ को पत्र अनुसार देहायका शीर्षकमा राजश्व उठाउने काम ठेक्का बन्दोबस्ती गरी संलकन गर्न यो सूचना प्रकाशित गरिएको छ। उक्त कार्य गर्न इच्छुक फर्महरुले फर्म दर्ता एवं नवीकरण प्रमाणपत्र, कर दर्ता तथा कर चुक्ता प्रमाणपत्रका प्रतिलिपीहरु, कारवाही वा कालोसूचीमा नपरेको स्वघोषणा, अख्तियारनामा (Letter of Attorney) सहित निम्न शर्तहरुको अधिनमा रही तपशील अनुसार तोकिएको मिति, स्थान र समयमा बोलपत्र खरिद गरी दाखिला गर्न यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | ठे.नं | ठेक्काको विवरण | आ.ब.०७५/७६ को लागि न्यूनतम ठेक्का रकम (भ्याट बाहेक) रु. | बोलपत्र फाराम दस्तुर रु. | धरौटी रकम |
|---|---|---|---|---|---|
| १ | ५-०७५/७६ | धुनिवेशी नगरक्षेत्र (साविक छत्रेदेउराली गाविस) मा दर्ता भएका खानीहरु, कोल्पुखोलाको धुनीवेशी नगर क्षेत्रमा संकलन भएको ढुङ्गा, गिट्टी, वालुवा आई.ई.ई प्रतिवेदनले तोके अनुरुप संकलन, घाटगद्दी तथा निकासी र नगरका अन्य क्षेत्रमा घाटगद्दी तथा निकासी हुने ढुङ्गा, गिट्टी, वालुवा माटो संकलन तथा निकासी कर उठाउने कार्य | २५२३२०००।०० (दुई करोड बाउन्न लाख बत्तीस हजार) | ५,०००।- | कबोल अंकको ५ प्रतिशत |

**दररेटहरु**

| सि.नं. | विवरण | ईकाई | दर (संकलन शुल्क) | दर (विक्री शुल्क) |
|---|---|---|---|---|
| १ | ढुङ्गा, चुनढुङ्गा, गिट्टी, वालुवा, स्लेट, ग्राभेल, रोडा घाटगद्दी तथा विक्री (स्वीकृत खानीबाहेक) | प्रति घन फिट | रु.३।- | रु.६।- |
| २ | माटो घाटगद्दी एवं विक्री (स्वीकृत खानी क्षेत्र वाहेक) | प्रति घन फिट | पचास पैसा | रु.२ |
| ३ | खानीजन्य उद्योगले आफैले संलकन गरेको बस्तुमा विक्री शुल्क मात्र लाग्ने छ। | | | |

**शर्तहरु**

१. वोलपत्र फाराम खरिद अवधी मिति २०७५ असोज ४ गतेको कार्यालय समयभित्र रहेको छ भने बोलपत्र पेश गर्ने अवधि बोलपत्र खरिद गर्ने अन्तिम मितिको भोलीपल्ट दिनको १२:०० बजे भित्र रहनेछ। प्राप्त बोलपत्र पेश गरेको दिनको दिउसो १३:०० बजे धुनिवेशी नगर कार्यापालिकाको कार्यालयमा खोलिनेछ। बोलपत्र फारामहरु खरिद, दर्ता र खोल्ने दिन सार्वजनिक विदा परेमा क्रमश सोको भोलीपल्ट सोही समय भित्र खरिद, दर्ता र खोल्ने कार्य गरिनेछ। बोलपत्र खरिद तथा पेश गर्न बोलपत्रदाता फर्मको प्रोपाईटर स्वयं उपस्थित हुनु पर्नेछ। उक्त कार्य गर्न आफै उपस्थित हुन नसक्ने भएमा आधिकारिक दस्तखत र फर्मको छाप सहितको अख्तियारनामा दिई प्रतिनिधि खटाउन सक्नेछ।
२. बोलपत्रफाराम साथ धरौटी वापत कवोल अंक (मू.अ.कर बाहेक) को ५ (पाँच) प्रतिशतले हुने रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक धादिङवेंशी शाखामा रहेको धरौटी खाता नं. १०३०३०३००७१२ मा रकम जम्मा गरेको सक्कल भौचर वा सूचना जारी भएको मितिले कम्तिमा १२० दिन म्याद भएको यस कार्यालयको नाममा जारी गरिएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क वर्गको वाणिज्य बैंकको बोलपत्र जमानत (विड वण्ड) पेश गर्नु पर्नेछ
३. बोलपत्रदाताले खामको बाहिरपट्टी ठेक्काको नाम, ठेकेदारको नाम, ठेगाना, सम्पर्क नं. र धुनिवेशी नगरपालिकाको कार्यालय धादिङ भनि प्रष्ट बुझने गरी लेख्नु पर्ने छ। वोलपत्र फारममा अंक र अक्षरमा केरमेट नगरी स्पष्टसँग लेख्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।
४. बोलपत्र दिंदा कुनै प्रकारको सर्त मान्य हुने छैन। साथै यस कार्यालयको छाप र कार्यालयको तर्फबाट प्रमाणित नभएको बोलपत्र फारमलाई मान्यता दिइने छैन।
५. ठेक्का अवधि २०७६ असार मसान्तसम्म रहनेछ। उल्लेखित न्यूनतम ठेक्का रकम वार्षिक भएकोले ठेक्का स्वीकृत भएको फर्मको कबोल अंकलाई बाँकी अवधीको ठेक्का रकम भएकोले ३ किस्तामा कुल कबोल रकम यस कार्यालयमा दाखिला गर्नुपर्नेछ।
६. ठेक्का अवधिको प्रचलित कानून अनुसार बुझाउनु पर्ने आयकर लगायतका अन्य करहरु ठेकेदार स्वंयले व्यहोर्नु पर्नेछ।
७. कारोवार गर्दा बालश्रमको प्रयोग गर्ने र वातावरणमा प्रतिकूल असर पर्ने प्रविधि अपनाउन पाईने छैन।
८. बोलपत्र स्वीकृत गर्ने आशयको सुचना प्राप्त गरी निर्धारित समय भित्र कार्यालयसँग सम्फौता गरी सक्नु पर्नेछ। तोकिएको समयभित्र सम्फौता गर्न नआएमा बोलपत्रदाताले राखेको धरौटी जफत गरी नियमानुसार कारवाही गरिनेछ।
९. ठेकेदारले उठाउने कर यस कार्यालयद्धारा तोकेको संकलन केन्द्रमा नै उठाउनु पर्नेछ। राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढाट राखी कर उठाउन पाईने छैन।
१०. म्याद नाघी वा रीत नपुगी प्राप्त भएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।
११. ठेकेदारले बन्द हडताल र समय अभावको कारण देखाई छुट तथा मिन्हा दाबी गरेमा कार्यालयले छुट र मिन्हा दिने छैन।
१२. नेपाल सरकार, प्रदेश सरकार र यस कार्यालयले समय समयमा दिएको निर्देशनको पालना गर्नु ठेकेदारको कर्तव्य हुनेछ।
१३. कुनै कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ। विषेश अवस्थामा सुचनामा उल्लेखित शर्त र समय हेरफेर गर्न सकिनेछ।
१४. यस सूचनामा उल्लेख भएको कुरा यसै अनुसार र नभएको कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।
१५. सूचना सम्बन्धी विस्तृत विवरण यस कार्यालयको सूचना पाटी तथा कार्यालयको वेवसाईड www.dhunibeshimun.gov.np मा समेत हेर्न सकिने छ। यस सम्बन्धमा अन्य कुरा बुझ्नु परेमा यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ।

**धुनिवेशी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**धादिङ, फोन : ०१०-४०११९७**